# ..................उपभोक्ता समितिको विधान

# २०८३

**प्रस्तावनाः**

समुदाय स्तरमा विभिन्न पूर्वाधार निर्माणका कार्यहरु गर्न संघीय सरकार/प्रदेश सरकार/स्थानीय सरकार/ अन्य संघ संस्थाबाट कार्यक्रम/आयोजना निर्माण/आयोजना मर्मत सुधार कार्य प्रभावकारी र पारदर्शी ढंगबाट सञ्चालन गर्न ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं. .......को ............................उपभोक्ता समिति दर्ता गर्न बाञ्छनीय भएकोले उपभोक्ता समितिको विधान तर्जुमा गरी स्वीकृतिको लागि गोदावरी नगरपालिका समक्ष पेश गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस विधानको नाम ....................................उपभोक्ता समितिको विधान, २०८..रहने छ।

(ख) यो विधान गोदावरी नगरपालिकाले स्वीकृत गरेपछि लागु हुने छ ।

(ग) समितिको कार्यालय रहने ठेगानाः यस उपभोक्ता समितिको कार्यालय ललितपुर जिल्ला, गोदावरी नगरपालिका वडा नं. मा रहनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को नलागेमा यस विधानमा,

(क) "विधान" भन्नाले ................................उपभोक्ता समितिको विधान २०८.." लाई सम्झनु पर्दछ।

(ख) "उपभोक्ता समूह" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना क्षेत्रका व्यक्तिहरुको समूहलाई सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता समिति" भन्नाले आयोजना निर्माण , सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ता समूह मध्येबाट गठीत समिति सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता समितिको सदस्य" भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता समितिको पदाधिकारीहरु र सदस्यहरुलाई जनाउँदछ।

(ङ) “पदाधिकारी” भन्नाले उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई जनाउदछ ।

(च) “कार्यालय” भन्नाले संघीय सरकार/प्रदेश सरकार/स्थानीय सरकार मातहतका कार्यालयहरु र अन्य संघ संस्था र यस समितिको कार्यालयलाई समेत जनाउँदछ ।

(छ) “आर्थिक वर्ष” भन्नाले हरेक वर्षको श्रावण १ गते देखि असार मसान्तसम्मको अवधिलाई जनाउनेछ।

(ज) “कार्यालय प्रमुख” भन्नाले संघीय सरकार/प्रदेश सरकार/स्थानीय सरकार मातहत तथा समितिसंग दोहोरो सम्झौता गरी कार्य सञ्चालन गर्ने निकायका प्रमुखलाई समेत जनाउँदछ ।

(झ) “स्थानीय अधिकारी” भन्नाले गोदावरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(ञ) “स्थानीय तह” भन्नाले गोदावरी नगरपालिकालाई जनाउँदछ।

(ट) “शाखा” भन्नाले गोदावरी नगरपालिकाका अन्तर्गतका शाखा भन्ने सम्झनुपर्दछ।

(ठ) “वडा कार्यालय” भन्नाले गोदावरी नगरपालिका भित्रका वडा कार्यालयहरु भन्ने सम्झनुपर्दछ।

(ड) “वडा अध्यक्ष” भन्नाले गोदावरी नगरपालिका भित्रका वडाका निर्वाचित वडा अध्यक्ष भन्ने सम्झनुपर्दछ।

(ढ) “सूचना” भन्नाले वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयबाट आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि जारी गरिएको पत्रलाई जनाउँछ ।

(ण) “ऐन नियम” भन्नाले संघीय सरकार/प्रदेश सरकार/स्थानीय सरकारले जारी गरेका कार्यक्रम तथा आयोजना कार्यान्वयनसंग सम्बन्धित प्रचलित कानूनलाई जनाउँछ।

(त) “कार्यविधि” भन्नाले आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आयोजना कार्यक्रम सञ्चालनका लागि जारी गरेको कार्यविधिलाई जनाउँछ ।

## परिच्छेद-२
## उपभोक्ता समितिको स्थापना

**३. उपभोक्ता समितिको स्थापनाः**

(क) यस विधानको प्रस्तावना अनुसारको कार्य गर्ने गरी ............................. उपभोक्ता समितिको " नामक संस्थाको स्थापना गरिएको छ।

(ख) संस्थाको सबै काम कार्वाहीको निमित्त अनुसूची-२ बमोजिमको आफ्नो छुट्टै छाप र कार्यालय हुनेछ।

(ग) उपभोक्ता समितिको दर्ता र सोको प्रमाणपत्रको प्राप्ती पालिकाको नियमानुसार हुनेछ ।

(घ) समिति एक अविछिन्न उत्तराधिकारवाला, स्वशासित र सु-संगठित संस्था हुनेछ।

(ङ) संस्थाले एउटा कृत्रिम व्यक्ति सरह गर्ने सम्पूर्ण कार्य गर्न सक्नेछ।

(च) आयोजना कार्यान्वयन हुने स्थानमा जनसहभागिता र लाभ प्राप्त गर्ने उपभोक्ताहरुलाई मध्यनजर गर्दै अनुसुची १ बमोजिमका उपभोक्ताहरुबाट उपसमिति गठन गरी मूल समितिको सहमतीमा आयोजना निर्माण/मर्मत/सञ्चालन गर्न सकिनेछ ।

(छ) उपभोक्ता समितिले कानून बमोजिम गर्न मिल्ने योजनासंग सम्बन्धित सबै कार्यहरु गर्न सक्नेछ।

**४. समितिको कार्यालयः**

ललितपुर जिल्ला गोदावरी नगरपालिका वडा नं...... मा समितिको कार्यालय रहने छ।

## परिच्छेद-३
## उद्देश्य

**५. उपभोक्ता समितिको उद्देश्य यस प्रकार रहने छः**

(क) आयोजना सञ्चालनको कार्य दिगो र गुणस्तरयुक्त तरिकाले गर्ने।

(ख) आयोजना सञ्चालन गर्न स्थानीय श्रम, सिप तथा स्रोत परिचालन गर्ने र गराउने।

(ग) योजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत परिचालन गर्न सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग सम्पर्क राख्ने, सहयोग जुटाउने र आवश्यक सम्झौता गर्ने।

(घ) आयोजना निर्माण तथा सञ्चालन कार्य गर्दा नगरपालिका तथा वडा कार्यालयसँग समन्वय गरी कार्य सञ्चालन गर्ने ।

(ङ) योजना सम्बन्धी आवश्यक सल्लाह प्रदान गर्ने र गर्न लगाउने।

(च) उल्लेखित उद्देश्यहरु पूरा गर्न आईपर्ने अन्य जुनसुकै काम गर्ने र गराउने।

(छ) योजना निर्माण गर्नको लागि श्रोत नपुग भएमा आर्थिक संकलन गरी नियमित रुपमा योजनाको मर्मत सम्भार, निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउने।

**६. उपभोक्ता समितिको सदस्यता कायम रहनेः**

(क) आयोजना कार्यान्वयन हुने प्रभावित क्षेत्र तथा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने ब्यक्तिहरुको आम भेला र नगरपालिका वा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीको रोहवरमा गठित अध्यक्ष लगायतका अन्य सदस्यहरु उपभोक्ता समितिका सदस्य हुनेछन्। उपभोक्ता समिति गठनमा सर्वसम्मत हुन नसकेमा उपस्थित उपभोक्ताहरुको बहुमतबाट छनौट भएका पदाधिकारीहरु समितिका सदस्य रहनेछन् ।

(ख) उपभोक्ता समितिमा देहायका व्यक्तिहरु सदस्य हुन सक्ने छैनन्।

१. नेपाली नागरिकता नलिएको ब्यक्ति।

२. मानसिक सुन्तलन ठिक नभएको ब्यक्ति।

३. कुनै अर्को उपभोक्ता समितिमा रहेर कार्य गरिरहेको व्यक्ति।

४. योजना प्रभावित क्षेत्र भन्दा बाहिरको व्यक्ति।

५. सरकारी सम्पत्ति हिनामिना गरी अभियोग लागेको ब्यक्ति।

६. कुनै राजनितिक दलमा सक्रिय रहेको, कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएको, निर्वाचित जनप्रतिनिधी, बहालवाल सरकारी तथा गैह्र सरकारी संस्थाका कर्मचारी ।

**७. सदस्यता शुल्कः**

(क) उपभोक्ता समितिमा रहने ब्यक्तिलाई सदस्यता शुल्क लाग्ने छैन।

**८. सदस्यता कायम नरहनेः**

देहायको अबस्थामा उपभोक्ता समितिको सदस्यता कायम रहने छैन

१. ऐन कानून विपरित कार्य गरेको पाइएमा।

२. उपभोक्ता समितिको निर्णयलाई अटेर गरी पालना गरेमा तथा योजना निर्माण अवरोध सिर्जना गरेमा।

३. उपभोक्ता समितिको कुनैपनि सदस्यले आफ्नो स्वइच्छाले सदस्यता खारेज गरि पाउँ भनी राजीनामा दिएमा।

४. उपभोक्ता समितिको सदस्यको मृत्यु भएमा।

## ९. उपभोक्ता समितिको गठन, बैठक तथा कार्यविधिः

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ता समूहको आमभेलाबाट अधिकतम सहभागितामा आयोजना स्थलमा नै सात देखि एघार जना (७-११) सदस्यीय उपभोक्ता समिति गठन गर्न सकिनेछ।

(ख) उपभोक्ता समिति गठन गर्दा नगर कार्यपालिका सदस्य, नगरकार्यपालिकाको कार्यालयको प्रतिनिधि तथा वडा कार्यालयको निर्वाचित जन प्रतिनिधिको रोहवरमा गठन गर्नुपर्नेछ।

(ग) उपभोक्ता समिति गठन गर्दा समावेशिताको सिद्धान्त अवलम्वन गर्नुपर्नेछ र उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना महिलाको अनिवार्य सहभागिता सहित कम्तिमा ३३% महिला सहभागिता हुनुपर्नेछ।

(घ) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(ङ) कम्तिमा कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको संख्या गणपुरक भएको मानिने छ।

(च) यस विधानमा अन्य व्यवस्था भएकोमा बाहेक बैठकको सामान्य बहुमतको आधार निर्णय लिन सक्नेछ।

(छ) उपभोक्ता समितिले आफ्नो कार्यविधि आफै बनाई लागु गर्न सक्नेछ।

## १०. राजिनामा र पदपुर्तिः

उपभोक्ता समितिको अध्यक्षले राजिनामा पेश गरेमा उपभोक्ताको साधारण सभाले स्वीकृत गर्न सक्नेछ । अन्य पदाधिकारी तथा सदस्यहरुको राजिनाम उपभोक्ता समितिको अध्यक्षले स्वीकृत गर्न सक्नेछन् । रिक्त पदको पदपुर्त उपभोक्ताको साधारण सभाले गर्नेछ, पदपुर्ति नहुँदा सम्म रिक्त पदको जिम्मेवारी उपभोक्ता समितले निर्णय गरी कुनै पदाधिकारी तथा सदस्यालई तोक्न सक्नेछ ।

## ११. उपभोक्ता समितिको बैठकः

उपभोक्ता समित दर्ता गर्न, आयोजना सञ्चालनको लागि सरकारी निकाय वा अन्य निकायसँग सम्झौता गर्न पठाउने व्यक्ति तोक्न, अनुगमन समिति गठन गर्न,

जनसहभागिता व्यहोर्ने तथा मर्मत सम्भार सम्बन्धमा, बैंकखाता खोल्ने पदाधिकारी तोक्न, आयोजना सञ्चालनको लागि जिम्मेवारी बाँडफाँट गर्न, काम सम्पन्न पश्चात सार्वजनिक परिक्षणको लागि भेला बोलाउन, खर्च अनुमोदन र सार्वजनिक गर्नका साथै भुक्तानीको लागि सिफारिस लगायतका निर्णण गर्नको लागि अनिवार्य उपभोक्ता समितिको बैठक बस्नेछ।

**१२. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकारः**

(क) उपभोक्ता समितिको बैठकले गरेका निर्णयहरु कार्यान्वयन गर्ने।

(ख) सम्झौतामा उल्लेख भए बमोजिमको परिमाण, गुणस्तर र मापदण्ड बमोजिम को काम समयमानै सम्पन्न गर्ने ।

(ग) कार्यालयले दिएको निर्देशन र सम्झौतामा उल्लेख भएका बुँदाहरुको पालना गर्ने ।

(घ) उपभोक्ता समितिले सम्पन्न गरेका आयोजनाहरुको सम्पूर्ण सक्कल बील, भरपाई तथा डोरहाजिर तयार गरी उपभोक्ता समितिबाट अनुमोदन गराउने

(ङ) सम्पन्न आयोजनाको सार्वजनिक परीक्षण गराउने

(च) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा तोकिएका सम्पूर्ण नियमहरु पालना गर्ने गराउने

(छ) समितिको आर्थिक तथा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने।

(ज) उपभोक्ता समितिबाट सञ्चालन गरिने चल अचल सम्पति र निर्माण गरेका आयोजनाको रेखदेख, संरक्षण, मर्मत संभार गर्ने ।

(झ) एक आर्थिक वर्षभित्र भएका गरेका सम्पूर्ण कामहरुको लेखापरीक्षण गराउने

(ञ) यस विधानमा व्यवस्था भए बाहेक संस्थाको उद्देश्य पुरा गर्न आइपर्ने सम्पूर्ण काम गर्ने।

## परिच्छेद-४
## साधारण सभा

**१३. साधारण सभाः**

यस समितिको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ, जुन समितिको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवम् संशोधन गर्न

सक्नेछ । साधारण सभा वर्षमा एक पटक बस्नेछ । तर वआश्यक परेको बेलामा साधारण सभा बोलाउन सकिनेछ ।

**१४. साधारण सभाको अधिवेशनः**

कार्य समितिले तोकेको मिति र समयमा यस समितिको सविचले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्वारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनुपर्नेछ ।

**१५. साधारण सभाको काम, कर्तव्य र अधिकारः**

(क) कार्य समितिको विर्नाचन गर्ने तथा गठन गर्ने ।

(ख) विधान संसोधन गर्ने ।

(ग) लेखापरिक्षकको नियुक्ति गर्ने ।

(घ) समितिको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(ङ) वार्षिक बजेटको अनुमोदन गर्ने ।

**१६. साधारण सभाको गणपुरक संख्याः**

कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिमा साधारण सभाको बैठक बस्नेछ । तोकिएको गणपुरक संख्या नपुगेमा ७ दिन भित्र अर्को साधारण सभा बोलाउनु पर्नेछ । अर्को बैठकमा पनि तोकिएको गणपुरक संख्या नपुगेमा कम्तिमा ३० प्रतिशत सदस्यहरुको उपस्थितिमा साधारण सभाको बैठक सञ्चालन हुनेछ । साधारण सभावाट विर्वाचित पदाधिकारीहरु र सदस्यहरुको कार्यकाल ३ (तीन र्षको हुनेछ ।

## परिच्छेद-५

## उपभोक्ता समितिका पदाधिकारीको काम, कर्तब्य र अधिकार

**१७. उपभोक्ता समितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार**

**(क) अध्यक्षः**

क) उपभोक्ता समितिको बैठक बोलाउने ।

ख) उपभोक्ता समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा समितिको तर्फबाट प्रतिनिधित्व गर्ने।

घ) आवश्यकता अनुसार उपभोक्ता समितिको तर्फबाट संघ/संस्था,सरकारी वा गैर सरकारी निकायसँग सम्झौता गर्ने।

ङ) समितिको बैठकमा मत विभाजन गर्दा मत बरावर हुन आएमा निर्णायक मत दिने।

च) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने तथा आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने।

छ) समितिको काम कारवाही सुपरिवेक्षण गर्ने।

ज) बैठकमा भएका निर्णयहरु प्रमाणित गर्ने ।

झ) समितिले कार्यान्वयन गर्ने गरी सम्झौता भएका आयोजनाहरुको तोकिएको परिमाण, गुणस्तर, मापदण्ड र समयमा सम्पन्न गर्ने सम्पुर्ण जिम्मेवारी रहने ।

ञ) डोर हाजिरीको नियन्त्रण गर्ने, कामदारको सहि पहिचान गरी उसले गरेको कामको आधारमा मात्र डोरहाजिरी प्रमाणित गर्ने,

ट) विभिन्न निकायमा पेश गर्ने कागजातहरु प्रमाणित गर्ने ।

ठ) विधान अनुसार सम्पुर्ण काम गर्ने गराउने।

**(ख) उपाध्यक्षः**

क) अध्यक्षलाई सहयोग गर्ने।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने।

ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्दै आएको कार्य गर्ने।

**(ग) सचिवः**

क) अध्यक्षको निर्देशन अनुरुप उपभोक्ता समितिको बैठक बोलाउने

ख) बैठकमा योजना र प्रतिवेदन पेश गर्ने र निर्णय अभिलेख राख्ने।

ग) पारित निर्णयहरु कार्यान्वयन गर्ने।

घ) कार्यालय सञ्चालन गर्ने।

**(घ) कोषाध्यक्षः**

क) सस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने।

ख) साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने।

ग) समितिको लेखा दुरुस्त राख्ने।

घ) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने।

**(ङ) सदस्यको काम, कर्तब्य र अधिकारः**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने।

## १८. अनुगमन समितिको व्यवस्थाः

(१) आयोजनाको तोकिएको परिमाण, गुणस्तर, मापदण्ड र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको परिमाण, गुणस्तर र मापदण्ड सुनिश्चित गर्न दफा ९ (क) बमोजिमको भेलाबाट कम्तिमा १ जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजना कार्यान्वयनको सहजीकरण गर्ने तथा देखिएका बाधा व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने ।

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भएनभएको एकिन गर्ने र नगरेको पाइएमा उपभोक्ता समितिलाई सचेत गराउने

(ग) आवश्यक अन्य कार्य गर्ने ।

# परिच्छेद-६
# आर्थिक व्यवस्था

## १९. आर्थिक स्रोतः

उपभोक्ता समितिलाई प्राप्त हुने आर्थिक श्रोत देहाय बमोजिम हुनेछः-

(क) कुनै आयोजना तथा कार्यक्रम सञ्चालन गर्न कार्यालयबाट प्राप्त हुने सम्झौतामा तोकिएको नगद रकम

(ख) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयनको लागि लागत सहभागिता गर्न तोकिएको रकम

(ग) सरकारी तथा गैर सरकारी संघ संस्था तथा अन्य व्यक्तिबाट प्राप्त हुने रकम

(घ) यस विधान बमोजिम संस्थालाई प्राप्त हुने सबै चल अचल सम्पतिको प्राप्ती, भोग, खरिद बिक्रिबाट प्राप्त रकम, तर यस प्रकारको बिक्रि गर्नु अगाडी स्थानीय सरकारसँग परामर्श गर्नुपर्नेछ ।

## २०. कोषः

१. उपभोक्ता समितिको नाममा एक छुट्टै कोष हुनेछ, जसमा देहायको रकम जम्मा हुनेछ।

क) दफा १९ बमोजिमको रकम

ख) कुनै योजना सञ्चालन बापतको रकम

ग) कसैले स्वेच्छाले दिएको सहायता तथा अनुदान वापतको रकम

घ) संस्थाको चल अचल सम्पति बिक्रिबाट प्राप्त रकमहरु

ङ) विदेशी संस्था, व्यक्ति वा अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग।

च) स्थानीय सरकार/ प्रदेश सरकार/संघीय सरकार लगायत विभिन्न संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग।

२. समितिको बैक खाता समितिले तोकेको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ। त्यसमा संस्थाको छाप लगाउनु पर्नेछ।

## २१. उपभोक्ता समितिको लेखापरीक्षण तथा सार्वजनिक परिक्षणः

क) समितिको आय- व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

ख) समितिको लेखापरिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट हुनेछ।

ग) गोदावरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, आर्थिक प्रशासन शाखा वा योजनासंग सम्बन्धित नियमनकारी निकायले चाहेमा जुनसुकै वखत पनि संस्थाको हिसाबकिताब जाँच गर्न सकिनेछ।

घ) उपभोक्ता समितिले समितिबाट सञ्चालन भएको योजना सम्पन्न भए पश्चात नगर वा वडाकार्यालयको प्रतिनिधि एवं सरोकारवाला व्यक्तिहरुको रोहवरमा सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई समेत गर्नुपर्नेछ।

# परिच्छेद-७
# विविध

## २२. संस्थाको विगठनः

कुनै पनि योजनाको कार्य सम्पन्न भै सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाइ सम्पन्न भए पश्चात उक्त उपभोक्ता समिति आवश्यक नरहेको देखिएमा समितिले उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ। तर उपभोक्ता समितिबाट सञ्चालन गरिएको कुनै

पनि योजनामा अनियमितता भएको भनी कोही कसैले उजुर बाजुर गरेमा सो योजना र उजुरी  प्रति सम्बन्धित उपभोक्ता समितिको जबाफदेहिता भने समाप्त हुने छैन।

**२३. आर्थिक वर्षः**

आर्थिक वर्ष श्रावण १ गते बाट प्रारम्भ भई आषाढ मसान्तमा समाप्त हुनेछ।

## अनुसूची-१

................................ उपभोक्ता समिति अन्तर्गत रहेका उपभोक्ताहरुको नामावली:

| क्र.सं. | उपभोक्ताको नाम,थर | ठेगाना/टोल | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |

हामी. उपभोक्ता समितिका सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई विधानमा सहीछाप गर्दछौं ।

| क्र.सं. | पद | पदाधिकारीको नाम थर | फोटो | हस्ताक्षर | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

## अनुसूची-२
## उपभोक्ता समितिको छाप

...................... उपभोक्ता समितिको छाप देहाय बमोजिम हुनेछः